# अर्थ बुलेटिन

वर्ष ५ अंक २ भदौ, २०८०

नेपाल सरकार
अर्थ मन्त्रालय



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म संघीय सरकारको चालु खर्चमा कमी आएको छ भने पूँजीगत तथा वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्य वृद्धि भएको छ। अन्तःशुल्क र पैठारी तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आएको कारण कुल राजस्व सङ्कलनमा १.९ प्रतिशतले कमी आएको छ। ।
- कुल वस्तु निर्यात र आयात दुवै घटेको छ। आयातमा कमी आउँदा व्यापार घाटामा केही सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश घटेको छ।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भएको छ। कम्पनी दर्ता संख्यामा पनि वृद्धि भएको छ।
- बीमाको दायरामा आएको जनसङ्ख्या केही घटेको छ भने कुल बीमा शुल्क सङ्कलन वृद्धि भएको छ। वैदेशिक रोजगारमा जाने थप कामदारको सङ्ख्या घटेको छ भने विप्रेषण आप्रवाहमा वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति केही घटेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत वृद्धि भएको छ। कुल वस्तु आयात समेत घटेको कारण सञ्चिति पर्याप्तता सूचकाङ्कमा सुधार आएको छ।
- समग्रमा, बाह्य क्षेत्र सन्तुलन कायम हुँदै गएको छ भने राजस्व सङ्कलन वृद्धि गर्न र मुद्रास्फितिलाई वाञ्छित सीमामा राख्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

प्रकाशन तथा सम्पादन
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्मा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १ खर्ब ३४ अर्ब ३४ करोडको तुलनामा २.४ प्रतिशतले कमी आई रु. १ खर्ब ३१ अर्ब १४ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ८७ अर्ब ६६ करोड, पूँजीगत खर्च रु. ८ अर्ब १६ करोड र वित्तीय व्यवस्था तर्फ रु. ३५ अर्ब ३१ करोड रहेको छ। यस अवधिको चालु खर्चमा १९.४ प्रतिशतले कमी आएको छ भने पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षमा निर्वाचन प्रयोजनका लागि चालु खर्च हुँदा चालु आर्थिक वर्षमा यस्तो खर्चमा भएको वृद्धि नकारात्मक देखिएको हो। साथै, चालु आर्थिक वर्षमा नेपाल सरकारले भुक्तानी गर्नुपर्ने आन्तरिक तथा वैदेशिक ऋणको साँवा बढी तिरेकोले वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको भदौ महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| क्र.सं./ आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | ५,३६७.८० | ५,८८८.०० | ५,८५९.४८ | १०,८७३.१३ | ८७६६.३५ |
| पूँजीगत | ५१३.४० | ३४९.४१ | २६०.८७ | ५८६.०५ | ८१६.३९ |
| वित्तीय व्यवस्था | ५९.३० | १५७.२८ | २,८७३.२३ | १,९७४.७५ | ३५३१.३९ |
| कुल | ५,९४०.५० | ६,३९४.६९ | ८,९९३.५८ | १३,४३३.९३ | १३,११४.१३ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको भदौसम्मको कुल संघीय सरकारी खर्चमध्ये साउन र भदौ महिनाको खर्च क्रमशः १३.८ प्रतिशत र ८६.२ प्रतिशत रहेको छ ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७ | ०.१३८ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९६१०.४३ | ०.८६२ |
| जम्मा | ८७६६.३५ | ८१६.३९ | ३५३१.३९ | १३११४.१३ | १ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्ममा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ४३ अर्ब ८१ करोडको तुलनामा १.९ प्रतिशतले संकुचित भई रु. १ खर्ब ४१ अर्ब ८ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर राजस्व रु. १ खर्ब २७ अर्ब ९६ करोड र गैरकर राजस्व रु. १३ अर्ब १२ करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब ५४ अर्ब २४ करोड भएको छ।


http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)

| क्र.सं./आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | ११९६३.०३ | १०१५१.६७ | १४८५६.०० | १३०७०.३६ | १२७९५.६८ |
| गैरकर | ६५८.६२ | ३८६.४१ | २००१.७६ | १३१०.८० | १३१२.०५ |
| **जम्मा** | **१२६२१.६५** | **१०५३८.०८** | **१६८५७.७६** | **१४३८१.१६** | **१४१०७.७३** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)





स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. आर्थिक वर्ष २०७९/८० को पुष महिनासम्म नेपाल सरकारले आयात नियन्त्रण गर्न चालेका कदमबाट राजस्व सङ्कलनमा १४.७ प्रतिशतले कमी आएको थियो भने चालु आर्थिक वर्षमा अन्तःशुल्क र पैठारी तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आएको कारण राजस्व असुली १.९ प्रतिशतले न्यून रहेको छ।

चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको भदौ महिना सम्मको सङ्कलित राजस्वको संरचना




आ.व. २०७९/८०




आ.व. २०८०/८१

स्रोतः अर्थ मन्त्रालय।

५. गत आर्थिक वर्षको पहिलो दुई महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा आय करको योगदान वृद्धि भएको छ भने मूल्य अभिवृद्धि करको हिस्सा घटेको छ। साथै, अन्य कर शीर्षकको हिस्सा पनि सामान्य परिवर्तन भएको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको भदौ महिनासम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०७९/८० भदौसम्मको सङ्कलन | २०८०/८१ वार्षिक लक्ष्य | भदौसम्मको लक्ष्य | भदौसम्मको सङ्कलन | भदौसम्मको लक्ष्यको तुलनामा असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२,९५७.८२** | **३०,७४३.७७** | **४,८६४.१७** | **३,०१८.१६** | **६२.०** | **२.०** |
| **मूल्य अभिवृद्धि कर** | **४,५०६.०२** | **४२,५८९.१४** | **५,५०७.९३** | **४,४६९.२८** | **८१.१** | **(०.८)** |
| उत्पादन, बिक्री, सेवा | १,८९६.७४ | १५,७२१.६२ | १,९४९.९४ | १,८९८.१४ | ९७.३ | ०.१ |
| पैठारी | २,६०९.२९ | २६,८६७.५२ | ३,५५७.९८ | २,५७१.१४ | ७२.३ | (१.५) |
| **अन्तःशुल्क** | **२,५८१.५१** | **२०,७२२.१४** | **२,४१७.६९** | **२,१३१.१६** | **८८.१** | **(१७.४)** |
| आन्तरिक उत्पादन | १,९२६.१४ | १५,५५८.५५ | १,९२९.७२ | १,५५४.८७ | ८०.६ | (१९.३) |
| पैठारी | ६५५.३७ | ५,१६३.५९ | ४८७.९७ | ५७६.२९ | ११८.१ | (१२.१) |
| **शिक्षा सेवा शुल्क** | **२९.५५** | **२८१.०२** | **३४.८५** | **६०.९१** | **१७४.८** | **१०६.२** |
| **आयकर** | **२,९९५.४६** | **३६,२११.८९** | **४,४९१.३४** | **३,११६.१७** | **६९.४** | **४.०** |
| आयकर | २,२५३.४१ | ३०,२३१.६२ | ३,७४९.६१ | २,३०३.९१ | ६१.४ | २.२ |
| ब्याज कर | ७४२.०५ | ५,९८०.२७ | ७४१.७३ | ८१२.२६ | १०९.५ | ९.५ |
| **कर राजस्व जम्मा** | **१३,०७०.३६** | **१३०,५४७.९६** | **१७,३१५.९९** | **१२,७९५.६८** | **७३.९** | **(२.१)** |
| **गैर कर जम्मा** | **१,३१०.८०** | **११,७०६.२१** | **१,६०५.२६** | **१,३१२.०५** | **८१.७** | **०.१** |
| **कूल राजस्व** | **१४,३८१.१६** | **१४२,२५४.१७** | **१८,९२१.२५** | **१४,१०७.७३** | **७४.६** | **(१.९)** |
| **अन्य प्राप्ति** | **१,८४२.०१** | **-** | **-** | **१,३१५.८८** | **-** | **(२८.६)** |
| **जम्मा राजस्व/प्राप्ति** | **१६,२२३.१८** | **१४२,२५४.१७** | **१८,९२१.२५** | **१५,४२३.६१** | **८१.५** | **(४.९)** |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको भदौ महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको भदौ महिनासम्म शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ। आयकर र भन्सार महशुल सङ्कलनमा क्रमशः ४.० प्रतिशत र २.० प्रतिशतले वृद्धि भएको छ भने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर सङ्कलनमा गिरावट आएको छ।

७. चालु आर्थिक वर्षको भदौ महिनासम्म पैठारी तर्फको अन्तशुल्क, शिक्षा सेवा शुल्क र ब्याजकर संकलन लक्ष्यभन्दा बढी भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७४.६ प्रतिशत सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब २४ अर्ब ५१ करोडको तुलनामा १.२ प्रतिशतले संकुचन आई रू. १ खर्ब २३ अर्ब रहेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (आन्तरिक र पैठारी दुवै) मा कमी आएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. १९ अर्ब ३० करोडको तुलनामा ६.३ प्रतिशतले कमी आई रू. १८ अर्ब ७ करोड रहेको छ।

## करको दायरा विस्तार

९. २०८० भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५६ लाख ९२ हजार ६ सय ८० पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३७ लाख ६२ हजार ३ सय ४३ (६६.१ प्रतिशत) पुगेको छ। त्यस्तै,

व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख ८ सय ३० (३३.४ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २९ हजार ५ सय ७ (०.५ प्रतिशत) पुगेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १४ हजार ४ सय ७७ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १९ हजार ६ सय ८२ पुगेको छ।

तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८० असार | २०७९ भदौसम्म | २०८० भदौसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| **व्यावसायिक स्थायी लेखा नम्बर** | १८७६३०५ | ३६०८१ | २४५२५ | १९००८३० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | २२५४ | १४०० | २९५०७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | १०९९१९ | ११२७२९ | ३७६२३४३ |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **१४८२५४** | **१३८६५४** | **५६९२६८०** |
| मू.अ.कर | ३०८४७७ | ५७४१ | ६००० | ३१४४७७ |
| अन्तः शुल्क | ११६६७५ | ३६२४ | ३००७ | ११९६८२ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ३१.३ प्रतिशतले संकुचन आई रु. १० अर्ब ६३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १५ अर्ब ४६ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये युरोपियन युनियनबाट अनुदान सहायता तर्फ शत प्रतिशत प्राप्त भएको छ। यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये शिक्षा क्षेत्रमा ६९.४ प्रतिशत र वातावरण क्षेत्रमा ३०.६ प्रतिशत प्राप्त भएको छ।

१२. चालु आर्थिक वर्षको भदौ महिनासम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. ४४ अर्ब २६ करोड र बाह्य ऋणतर्फ रु. ४ अर्ब ९७ करोड गरी कुल ४९ अर्ब २३ करोड कुल ऋण प्राप्त गरेको छ।

१३. यस अवधिमा आन्तरिक तर्फ रु. ३२ अर्ब ८३ करोड र बाह्य तर्फ रु. ५ अर्ब ८८ करोड गरी कुल रु. ३८ अर्ब ७१ करोड बढी सावाँ भुक्तानी गरेको छ भने आन्तरिक तर्फ रु. ८ अर्ब ७८ करोड र बाह्य तर्फ रु. २ अर्ब २८ करोड गरी कुल रु. ११ अर्ब ६ करोड ब्याज भुक्तानी गरेको छ। यस अवधिको कुल ऋण भुक्तानी रु. ४९ अर्ब ७८ करोड रहेको छ।

१४. चालु आर्थिक वर्षको भदौ महिनासम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु. २३ खर्ब ९ अर्ब ८७ करोड रहेको छ। जसमध्ये आन्तरिक ऋण ४९.४ प्रतिशत र बाह्य ऋण ५०.६ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

१५. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनामा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ०.१ प्रतिशतले संकुचन भएको छ भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ०.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ०.९ प्रतिशतले संकुचन भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ०.५ प्रतिशतले वृद्धि भएको थियो।

१६. २०८० भदौसम्म ७५३ स्थानीय तहमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ।

१७. २०८० भदौ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२५ रहेकोमा गाभ्ने/गाभिने प्रकृया मार्फत् २०८० भदौ मसान्तमा यस्तो संख्या ११२ कायम भएको छ। २०७९ भदौ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११, ५८५ रहेकोमा २०८० भदौमसान्तमा यस्तो शाखा सङ्ख्या ११,५६७ कायम रहेको छ।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको भदौ महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.३ प्रतिशतले कमी आई १ करोड ३८ लाख ६२ हजार २ सय ४६ रहेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९७.० प्रतिशत र ३.० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ९६.९ प्रतिशत र ३.१ प्रतिशत रहेको थियो।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.७ प्रतिशतले वृद्धि भई रू. ३६ अर्ब २२ करोड रहेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. ३३ अर्ब ९२ करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८०.४ प्रतिशत र १९.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको भदौ महिनासम्म उक्त हिस्सा क्रमशः ७६.८ प्रतिशत र २३.२ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको भदौ महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४२.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४४.१ प्रतिशत रहेको थियो। बिमीतहरुले आफुले लिएको बीमालेख समर्पण गरेको कारण बीमाको दायरामा आएको जनसङ्ख्या घटेको हो।

## पूँजी बजार

२२. २०७९ भदौ मसान्तमा १९१०.३८ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० भदौ मसान्तमा १९६४.९२ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ७.९ प्रतिशतले वृद्धि भई रु. २९ खर्ब ६१ अर्ब ३४ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम ३०.३ प्रतिशतले न्यून भई रु. २७ खर्ब ४४ अर्ब ८८ करोड रहेको थियो।


**चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको भदौ मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२३. २०७९ भदौ महिनाको ३ गते २०११.२२ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन भदौ ३१ गते १९६४.९२ विन्दु कायम भएको छ।

**चार्ट (ङ): २०८० भदौ महिनाको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## मूल्य स्थिति

२४. २०८० भदौ मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ८.१९ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ८.६४ प्रतिशत रहेको थियो।

२५. २०८० भदौमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.७४ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.९९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ८.१७ प्रतिशत र ९.०२ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२६. वार्षिक विन्दुगत आधारमा २०८० भदौ मसान्तमा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो दुई महिनामा विस्तृत मुद्रा प्रदाय ०.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय १.१ प्रतिशतले घटेको थियो।

## बाह्य क्षेत्र

२७. आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको पहिलो दुई महिनासम्मको नेपालको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात अनुपात १४.० प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश १२.३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो दुई महिनामा यस्तो अनुपात क्रमशः १०.२ प्रतिशत र ९.२ प्रतिशत रहेको छ।

**तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको भदौ महिनासम्मको वस्तु व्यापारको विवरण**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| वस्तु आयात (रु. करोडमा) | २२९५०.३७ | १७८८४.२९ | ३१४५१.५७ | २७३५९.७४ | २५,९७५.० |
| वस्तु निर्यात (रु. करोडमा) | १८५०.१९ | २०४४.१६ | ४४०३.९६ | २८६८.०१ | २६४४.६३ |
| व्यापार घाटा (रु. करोडमा) | २११००.१८ | १५८४०.१३ | २७०४७.६१ | २४४९१.७३ | २३,३३०.३६ |
| **निर्यात आयात अनुपात (प्रतिशतमा)** | ८.१ | ११.४ | १४.० | १०.५ | १०.२ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.५ | १०.३ | १२.३ | ९.५ | ९.२ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.५ | ८९.७ | ८७.७ | ९०.५ | ९०.८ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

२८. आर्थिक वर्ष २०८०/८१ को पहिलो दुई महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.८ प्रतिशतले संकुचित भई रु. २६ अर्ब ४५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ३४.९ प्रतिशतले संकुचित भई रु. २८ अर्ब ६८ करोड रहेको थियो। यस अवधिमा प्लाइउड, फलामे पाता, अलैंची, फलफुलको जुस लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने चिया, जमोठ कपडा, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ। विगतका वर्षमा पाम तेल र भटमासको प्रशोधित तेलको निर्यात उच्च भए तापनि हाल पाम तेलको निर्यात उच्च दरले घटेको छ भने भटमासको प्रशोधित तेलको निर्यात शुन्यप्रायः छ।

२९. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६३.३ प्रतिशत, २.१ प्रतिशत र ३४.७ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६९.२ प्रतिशत, ०.४ प्रतिशत र ३०.४ प्रतिशत प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारततर्फ भएको निर्यात १५.६ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३३८.५ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको भदौ महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | १८९.२५ | २०६.५८ | ९.२ |
| फलामे पाता | ८८.७३ | २०५.३६ | १३१.४ |
| तयारी कपडा | १८३.९१ | १९३.५० | ५.२ |
| ऊनी गलैंचा कार्पेट | २१३.५५ | १८९.६४ | -११.२ |
| अलैची | ६८.०९ | १५०.०६ | १२०.४ |
| फलफुलको जुस | १०४.०९ | १२९.९२ | २४.८ |
| प्लाइउड | ४४.४२ | १२२.४७ | १७५.७ |
| जमोठ कपडा | १२३.४७ | १०७.२३ | -१३.२ |
| जुटका बुनिएका कपडा | १०२.४७ | ८२.६२ | -१९.४ |
| चिया | ९४.७१ | ७९.८६ | -१५.७ |

| | | | |
|---|---|---|---|
| अन्य | १,६५५.३२ | १,१७७.३९ | -२८.९ |
| **जम्मा** | २,८६८.०१ | २६४४.६३ | **-७.८** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३१. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.१ प्रतिशतले कमी आई रु. २ खर्ब ५९ अर्ब ७५ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १३.० प्रतिशतले कमी आई रु. २ खर्ब ७३ अर्ब ६० करोड रहेको थियो।

३२. चालु आर्थिक वर्षको पहिलो दुई महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एच.आर सीट, तयारी कपडा, एलोपेथिक औषधी लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा एलपी ग्यास, डिजेल, पेट्रोल, सुन, मोबाइल फोन लगायतका वस्तुको आयात घटेको छ। पेट्रोल, डिजेल, एलपी ग्यास, फलामको आयात परिमाण वृद्धि भए तापनि यसको मूल्य घटेको कारण आयात मूल्य घटेको हो।

३३. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६१.९ प्रतिशत, १७.९ प्रतिशत र २०.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६२.० प्रतिशत, १३.६ प्रतिशत र २४.४ प्रतिशत रहेको थियो।

३४. यस अवधिमा भारत तर्फको आयात ५.२ प्रतिशतले घटेको छ भने चीन तर्फको आयात २५.४ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको भदौ महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १८४२.१५ | १५७४.८५ | -१४.५ |
| पेट्रोल | १२१८.९५ | ११३०.५८ | -७.२ |
| एच.आर.सिट | १४६.६ | ७३९.३६ | ४०४.३ |
| एल पि ग्यास | १०४२.०३ | ७३२.६५ | -२९.७ |
| शुद्ध फलाम | ७२७.८५ | ७०३.८७ | -३.३ |
| तयारी कपडा | ४९१.३५ | ६९९.९१ | ४२.४ |
| मोवाइल टेलिफोन | ६६४.९५ | ५४८.१९ | -१७.६ |
| सुन | ५४३.७३ | ४५६.०६ | -१६.१ |
| पोलीथिन दाना | ४५५.७५ | ४४९.४२ | -१.४ |
| अन्य एलोपेथीक औषधी | ३९५.५७ | ४११.२६ | ४.० |
| अन्य | १९८३०.८१ | १८५२८.८४ | -६.६ |
| **जम्मा** | **२७,३५९.७४** | **२५९७४.९९** | **-५.१** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३५. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.७ प्रतिशतले सुधार भई रु. २ खर्ब ३३ अर्ब ३० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ९.४ प्रतिशतले सुधार भई रु. २ खर्ब ४४ अर्ब ९२ करोड रहेको थियो।


**चार्ट (च):पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**



स्रोतः भन्सार विभाग

३६. विगत पाँच आर्थिक वर्षको भदौ महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा कोभिड सङ्क्रमण कम भएसँगै आर्थिक गतिविधिमा भएको विस्तारसँगै आर्थिक वर्ष २०७८/७९ मा वस्तु आयातमा वृद्धि भएको र व्यापार घाटा उच्च भएको थियो भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार भएको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३७. नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो दुई महिनाको तथ्याङ्क विश्लेषण गर्दा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म वृद्धि हुँदै आएकोमा त्यस पछिका वर्षमा पुनः घट्न थालेको छ।

## सेवा व्यापार

३८. आर्थिक वर्ष २०८०/८१ को पहिलो दुई महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. २३ अर्ब ९९ करोडको तुलनामा ३१.६ प्रतिशतले वृद्धि भई रु. ३१ अर्ब ५८ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. ४३ अर्ब २६ करोडको तुलनामा ३१.६ प्रतिशतले वृद्धि भई रू. ४१ अर्ब ७० करोड पुगेको छ।

३९. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म खुद सेवा आय रू. २५ अर्ब ३४ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. १९ अर्ब २६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४०. चालु आर्थिक वर्षको भदौ महिनासम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा उच्च दरले गिरावट आएपनि विप्रेषण आप्रवाहमा भने उल्लेख्य वृद्धि भएको छ।

४१. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ८७ अर्ब ४ करोडको तुलनामा २२.१ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २८ अर्ब ३७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १९.८ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा १७.७ प्रतिशतले वृद्धि भएको छ।

४२. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २८.३ प्रतिशतले न्यून भई ७४ हजार ४ सय ५५ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या १ लाख ३ हजार ८ सय ९८ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा कमी आई ३२ हजार ४ रहेको छ। कोभिड-१९ को महामारीको समयमा नेपाल आएका श्रमिक पुनः वैदेशिक रोजगारीमा गएका कारण अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म शोधनान्तर स्थिति रु. ५३ अर्ब ६१ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २० अर्ब ८१ करोड घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. २३ अर्ब ५० करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ३६ अर्ब ८४ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४४. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रू. ११ खर्ब ८९ अर्ब १६ करोडको तुलनामा ३४.५ प्रतिशतले वृद्धि भई रू १५ खर्ब ९८ अर्ब ९० करोड कायम भएको छ।

४५. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १२.६ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४६. २०८० असार मसान्तको तुलनामा २०८० भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.२ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३२.८० पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४७. आर्थिक वर्ष २०८०/८१ को भदौ महिनासम्म दर्ता भएका कम्पनीको संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.३ प्रतिशतले कमी आई ४३९४ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता २३.६ प्रतिशतले न्यून भई ५६५३ रहेको थियो।

**चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो दुई महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय ।

### पर्यटक आगमन

४८. सन् २०२३ को सेप्टेम्बर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई ६ लाख ९२ हजार ३ सय ७२ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख ८४ हजार ९ सय ८१ मा रहेको थियो। २०२३ अगष्ट र सेप्टेम्बर महिनाको पर्यटक आगमन क्रमशः ६७ हजार १ सय ५३ र ९१ हजार १२ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या क्रमशः ४१ हजार ३ सय ४ र ५८ हजार ३ सय १४ रहेको थियो।

४९. सन् २०२३ को सेप्टेम्बर महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा समेत ३१.६ प्रतिशतले वृद्धि भई रू. ३१ अर्ब ५९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रू. २३ अर्ब ९९ करोड प्राप्त भएको थियो।

५०. यस अवधिमा भ्रमण व्ययमा समेत ३१.६ प्रतिशतले वृद्धि भई रू. ५६ अर्ब ९३ करोड पुगेको छ। सन् २०२२ को सेप्टेम्बर महिनासम्ममा यस्तो भ्रमण व्यय रकम ४३ अर्ब २६ करोड रहेको थियो।

### विद्युत खपत

५१. २०८० को भदौ महिनामा १४४२ MWh आयातीत विद्युत सहित कुल विद्युत उपलब्धता १४ लाख ५१ हजार ५२ MWh रहेको थियो। यस अवधिको कुल विद्युत माग १४ लाख ५३ हजार २ सय १७ MWh रहेको थियो। उपलब्ध विद्युत मध्ये ११ लाख ४७ हजार ३ सय ५८ MWh विद्युतको आन्तरिक खपत भएको थियो भने ३ लाख ३ हजार ६ सय ९४ MWh विद्युत भारत निर्यात गरिएको थियो।

| समष्टिगत आर्थिक परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|
| | मान/ प्रतिशत | साउनसम्म | भदौसम्म |
| **वास्तविक क्षेत्र** | | | |
| आर्थिक वृद्धि (%) | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | |
| **उपभोक्ता मुद्रास्फीति (वार्षिक विन्दुगत)** | **प्रतिशतमा** | **७.५%** | **८.२%** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ९.०% | ९.७% |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४% | ७.०% |
| **सार्वजनिक वित्त** | | | |
| **कूल राजस्व** | **रु. करोडमा** | **७८८७.४१** | **१४१०७.७२** |
| कर राजस्व | रु. करोडमा | ७०१७.५२ | १२७९५.६८ |
| गैर कर राजस्व | रु. करोडमा | ८६९.८९ | १३१२.०५ |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६.४८ | १३१५.८८ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **८८१३.८९** | **१५४२३.६१** |
| **बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा) बाँडफाँट अघिको रोयल्टी समेत** | **रु. करोडमा** | **९५३.४२** | **१८०७.२४** |
| **संघीय सरकारको राजस्व** | **रु. करोडमा** | **७८६०.४७** | **१२३००.४८** |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **३५०३.७०** | **१३११४.१३** |
| चालु खर्च | रु. करोडमा | १२१३.५८ | ८७६६.३५ |
| पूँजीगत खर्च | रु. करोडमा | ८२.३१ | ८१६.३९ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०७.८१ | ३५३१.३९ |
| **कुल ऋण प्राप्ति** | **रु. करोडमा** | **१५७७.८३** | **४९२३.३२** |
| आन्तरिक ऋण | रु. करोडमा | १३०६.०० | ४४२६.०० |
| बाह्य ऋण | रु. करोडमा | २७१.८३ | ४९७.३२ |
| **तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२२८९५३.००** | २३०९८६.९६ |
| आन्तरिक ऋण | रु. करोडमा | १११९३१.०० | ११४०५३.०३ |
| बाह्य ऋण | रु. करोडमा | ११७०२२.०० | ११६९३३.९३ |
| **कुल सावाँ भुक्तानी** | **रु. करोडमा** | **२३३१.६४** | **३८७१.६१** |
| आन्तरिक ऋण | रु. करोडमा | २२०७.८१ | ३२८३.३५ |
| बाह्य ऋण | रु. करोडमा | १२३.८३ | ५८८.२६ |
| **अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्वता** | **रु. करोडमा** | **१०६३.००** | **१०६३.००** |
| स्थायी लेखा नम्बर | (सङ्ख्यामा) | ५६३१२१९ | ५६९२६८० |
| **सार्वजनिक वित्त प्रतिशत परिवर्तन** | | | |
| कर राजस्व | प्रतिशतमा | -०.७% | -२.१% |

| समष्टिगत आर्थिक परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|
| | मान/ प्रतिशत | साउनसम्म | भदौसम्म |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२% | ०.१% |
| **कूल राजस्व** | **प्रतिशतमा** | **-१.१%** | **-१.९%** |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६% | -२८.६% |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **-२.३%** | **-४.९%** |
| **संघीय सरकारको राजस्व** | **प्रतिशतमा** | **११४.५%** | **-१.२%** |
| चालु खर्च | प्रतिशतमा | ११४.५% | -१९.४% |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६% | ३९.३% |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१% | ७८.८% |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **५७.४%** | **-२.४%** |
| **मुद्रा तथा बैङ्किङ क्षेत्र** | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशत परिवर्तन | १०.८% | १२.०% |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशत परिवर्तन | -९.८% | -३.९% |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशत परिवर्तन | १०.८% | १२.०% |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशत परिवर्तन | ११.९% | १३.२% |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत परिवर्तन | ७.३% | ७.६% |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशत परिवर्तन | ३.८% | ४.५% |
| निक्षेपको व्याजदर | प्रतिशत परिवर्तन | ८.०% | ८.१% |
| कर्जाको व्याजदर | प्रतिशत परिवर्तन | १२.२% | १२.२% |
| औषत आधारदर (वाणिज्य बैंकको) | प्रतिशत परिवर्तन | १०.१% | १०.१% |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन** | | | |
| चालु खाता (बचतमा) | रु. करोडमा | १२९८.५० | २३५०.०० |
| चालु खाता (अमेरिकी डलरमा) | मिलियनमा | ९८.४७ | १७७.७० |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९०.०७ | ५३६१.०० |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | मिलियनमा | २४९.४९ | ४०५.६० |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०१.९१ | २२८३७.१३ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | मिलियनमा | ८७९.७८ | १७२६.७५ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२.४९ | १५९८९०.०६ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | मिलियनमा | ११८५२.०७ | १२०१२.७८ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५३ | २६४५ |

| समष्टिगत आर्थिक परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|
| | मान/ प्रतिशत | साउनसम्म | भदौसम्म |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२४ | २५९७५ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१ | २३३३० |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६४.६२ | २९९.८१ |
| भ्रमण आय | रु. करोडमा | ४३९.० | ३१५८.६ |
| भ्रमण खर्च | रु. करोडमा | १७२५.६ | ५६९२.६ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशत परिवर्तन | २५.८% | २२.१% |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशत परिवर्तन | २१.५% | १७.७% |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशत परिवर्तन | ३१.३% | ३४.५% |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशत परिवर्तन | २५.८% | २८.५% |
| वस्तु निर्यात | प्रतिशत परिवर्तन | -८.७% | -७.८% |
| वस्तु आयात | प्रतिशत परिवर्तन | -१.६% | -५.१% |
| वस्तु व्यापार घाटा | प्रतिशत परिवर्तन | -०.७% | -४.७% |
| अन्य | | | |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | | २०३३.१४ | १९६४.९२ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३००.९२ | २९६१३४.०० |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९.२९ | ३६२१.६४ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४.० | ४२.२ |
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९४ |
| विनिमय दर ( $१ = रु. ...) | रुपैंयामा | १३२.४३ | १३२.८० |
| विद्युत् उपलब्धता, मासिक कुल | MWh | १४६८४८३ | १४५१०५२ |
| विद्युत् निर्यात, मासिक कुल | MWh | २५०४६१ | ३०३६९४ |
| विद्युत् आयात, मासिक कुल | MWh | १०५०१ | १४४२ |
| कुल विद्युत माग, मासिक कुल | MWh | १४७५७५८ | १४५३२१७ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | MWh | १२१८०२२ | ११४७३५८ |
| पर्यटक आगमन | सङ्ख्यामा | ६७१५३ | १५८१६५ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | सङ्ख्यामा | ५५५७५ | १०६४५९ |